मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २४ गते शनिबार ❑ 7 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बदलिएको कांग्रेसले देश सम्हाल्ने जिम्मेवारी लिन सक्छ: सभापति थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

नेपाली कांग्रेसका सभापति गगन थापाले बद्लिएर आएको कांग्रेसले अब भ्रष्टाचार न्यूनिकरण गर्दै देश सम्हाल्ने जिम्मेवारी लिन सक्ने दाबी गर्नु भएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशको बैठकमा शुक्रबार पोखरामा सम्बोधन गर्दै उहाँले हाल समाजमा नागरिकको व्यापक आक्रोश, राज्यका संस्थाप्रति चरम अविश्वास र सामाजिक कोलाहाल देखिएको उल्लेख गर्दै त्यसलाई सम्हाल्ने ऐतिहासिक जिम्मेवारी अब कांग्रेसको काँधमा आएको उहाँदले बताउनुभयो।

भ्रष्टाचारलाई देशको सबैभन्दा ठूलो शत्रुको संज्ञा दिँदै उहाँले व्यक्तिमा होइन, प्रणाली र संस्थागत सुधारमा कांग्रेसको विश्वास रहेको स्पष्ट पार्नुभयो। "हामीसँग जादुको छडी छैन। तर सही नियम, प्रक्रिया र संस्था बनाएर देश चलाउने क्षमता कांग्रेससँग छ," सभापति थापाको भनाई थियो। कांग्रेस भ्रष्टाचारविरुद्ध बद्लिएर आएको पार्टी भएको दाबी गर्दै आगामी पाँच वर्षमा सिंगो कांग्रेस एकढिक्का भएर अघि बढेको उहाँको भनाई थियो। "घृणा र प्रतिशोधको राजनीति गर्न सक्ने पार्टी होइन कांग्रेस, देश मिलाउने, सम्हाल्ने र सबैलाई समेट्ने शक्ति कांग्रेस हो," उहाँले भन्नुभयो। राष्ट्रिय पार्टी र राष्ट्रिय शक्ति पार्टीबीच




स्पष्ट भिन्नता रहेको उल्लेख गर्दै उहाँले कांग्रेस केवल संसद र सरकारमा सीमित नभई राष्ट्रको अभिभावकका रूपमा देशका समस्या पहिचान गरी समाधान गर्ने संकल्प बोकेको राष्ट्रिय शक्ति भएको दाबी गर्नुभयो। सभापति थापाले भन्नुभयो, "राष्ट्रिय पार्टीले संसदमा हैसियत बनाउँछ, सरकारमा जान्छ–त्यो एउटा पक्ष हो। तर राष्ट्रिय शक्तिको जिम्मेवारी भनेको राष्ट्रमा देखिएका समस्या चिन्नु, तिनको सम्बोधन गर्ने अठोट गर्नु र राष्ट्रको अखण्डता जोगाउन जस्तोसुकै चुनौती सामना गर्न कटिबद्ध हुनु हो।" सभापति थापाले तराई-पहाड, स्वदेश-विदेशका नेपाली सबैलाई समेट्दै नागरिकसँगै बसेर व्यवस्था सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "पहिला नागरिक सहित देश सम्हाल्नुपर्छ, त्यसपछि परिवर्तन चाहेको व्यवस्थालाई सुधार गर्नुपर्छ।" उहाँले भन्नुयो। सभापति थापाले 'काखा-पाखा' नगरी सबैलाई समान व्यवहार गर्ने प्रतिबद्धता जनाउँदै नेता-कार्यकर्तालाई एकताबद्ध भएर निर्वाचनमा होमिन निर्देशन दिनुभयो। उहाँले 'घर फर्क अभियान' सुरु गरिएको जानकारी दिँदै विगतमा दुःख गरेका नेता-कार्यकर्तालाई पार्टीमा फर्कन आग्रह गर्नुभयो। "तपाईंहरू सन्देशवाहक बन्नुहोस्, २७ लाखभन्दा बढी समानुपातिक मतदाताको घर-घरमा पुग्नुहोस्," सभापति थापाको भनाई थियो।

२०६० सालतिर कांग्रेस सबैभन्दा बढी माओवादी हिंसाबाट प्रभावित भएको स्मरण गर्दै सभापति थापाले हिंसाबाट समाजलाई मुक्त गराउने नेतृत्व कांग्रेसले नै लिन सक्ने दाबी गर्नुभयो। सामाजिक सञ्जालका हल्लाबाट नआत्तिन आग्रह गर्दै उहाँले उम्मेदवार र नेता-कार्यकर्तालाई मतदाताको घर-घरमा पुग्न निर्देशन दिनुभयो। कांग्रेसले १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको एकमात्र पार्टी भएको दाबी गर्दै उहाँले कास्की-३ सहित गण्डकी प्रदेशका १८ वटै क्षेत्रमा विजयी हुने लक्ष्यका साथ अघि बढ्न आग्रह गर्नुभयो। "अब देशमा आन्दोलन होइन, स्थिरता चाहिन्छ। त्यसको जिम्मेवारी कांग्रेसले लिन्छ," उहाँको भनाई थियो।

विशेष महाधिवेशनबाट सभापति निर्वाचित भएपछि सभापति थापा पहिलो पटक पोखरा आएसंगै उहाँलाई शुक्रबार बिहान पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमा स्वागत गरिएको थियो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सहित नेता कार्यकर्ताले स्वागत गर्नु भएको कांग्रेस गण्डकीका सभापति शुक्रराज शर्माले बताउनु भयो।

प्रदेश बैठकपछि सभापति थापाले जिल्ला सभापतिहरूसँग निर्वाचन तयारी र पार्टी सुदृढीकरणबारे छलफल समेत गर्नु भएको छ। गण्डकी प्रदेशका ११ जिल्लामा रहेका १८ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा पार्टीलाई केन्द्रित गर्दै नीति, नेतृत्व र परिवर्तनको सन्देश मतदातासम्म पुऱ्याउने रणनीतिमा बैठक केन्द्रित रहेको क्षेत्रीय सचिव ठाकुर बरालले बताउनु भयो।

## गण्डकीमा सात हजार प्रहरी परिचालन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका ११ जिल्लामा सात हजार १४० प्रहरी परिचालन हुने भएका छन्।

गण्डकी प्रदेश प्रहरी कार्यालयका अनुसार गोरखामा एक हजार तीन, मनाङमा १६३, लमजुङमा ६०६ र कास्कीमा ९५७ प्रहरी परिचालन हुनेछन्।

यसैगरी, तनहुँमा ८३८, स्याङ्जामा ९४०, नवलपुरमा ८१८, मुस्ताङमा २०२, म्याग्दीमा ४११, बागलुङमा ६५८ र पर्वतमा ४३९ जना प्रहरी परिचालन हुनेछन्। प्रदेशभर १४ हजार १२ जना निर्वाचन प्रहरी खटाइने प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले बताउनुभयो।

अठार प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यस प्रदेशमा १८ लाख ७० हजार ६५ मतदाता छन्। प्रदेश निर्वाचन कार्यालयका अनुसार सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ मतदाता छन्भने मनाङमा सबैभन्दा कम सात हजार छन्। स्याङ्जामा दुई लाख ४८ हजार ८१६, तनहुँमा दुई लाख ५४ हजार ३९७, नवलपुरमा दुई लाख ६८ हजार ५२६, गोखरामा दुई लाख २ ९ हजार ५८ र बागलुङमा एक लाख ९३ हजार १८१ मतदाता छन्। यसैगरी, लमजुङमा एक लाख ३७ हजार १२४, पर्वतमा एक लाख २५ हजार ४६६, म्याग्दीमा ८६ हजार ३९७ र मुस्ताङमा ११ हजार ४३८ मतदाता रहेका छन्। प्रदेशका ११ वटै जिल्लामा एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र कायम गरिएको छ।

## कास्कीमा ७७ जनाले निजी हातहतियार बुझाए

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समय नजिकिएसँगै कास्कीका ७७ जना निजी प्रयोजनका लागि राखिएका इजाजत प्राप्त हातहतियार जिल्ला प्रशासन कार्यालयमा बुझाएका छन्।

यही माघ २० गतेभित्र इजाजत प्राप्त हातहतियार बुझाउन गरिएको सार्वजनिक सूचनाका आधारमा उक्त सङ्ख्यामा हातहतियार प्राप्त भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। स्थानीय प्रशासनले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले हतियार धनीसँग भएका इजाजत प्राप्त हातहतियार बुझाउन आग्रह गरेको थियो। सूचनाको अवेज्ञा गरी हातहतियार नबुझाएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यवस्था रहेको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो। "जेनजी प्रदर्शनका क्रममा लुटिएका हातहतियार पनि अधिकांश फिर्ता भएका छन्। व्यक्तिले अनुमति लिएर राखेका हतियार पनि बुझाइएका छन्", उहाँले भन्नुभयो, "निर्वाचन सुरक्षाका दृष्टिले कास्कीमा कुनै किसिमको जोखिम छैन, सुरक्षा व्यवस्था मजबुत छ।"

हातहतियार बुझाउँदा दिइएको निस्साका आधारमा आगामी चैत २० गतेपछि ती हतियार सम्बन्धित व्यक्तिलाई फिर्ता गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। निर्वाचनलाई लक्ष्य गरी जिल्लाको शान्तिसुरक्षालाई चुस्त र प्रभावकारी बनाउन स्थानीय प्रशासन र सुरक्षा निकायले काम गरिरहेका सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो। उहाँका अनुसार निर्वाचन सुरक्षार्थ कास्कीमा ९५७ जना प्रहरी परिचालन गरिने छ भने दुई हजार ८०० निर्वाचन प्रहरी खटाइने छ। एकीकृत सुरक्षा योजनाअनुसार मतदानस्थलको भित्री सुरक्षा घेरामा नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन हुनेछन्। दोस्रो तहको सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र बाहिरी तहको सुरक्षामा नेपाली सेना परिचालन हुने जिल्ला सुरक्षा समितिले जनाएको छ। तीन निर्वाचन क्षेत्र रहेको कास्कीमा १५३ मतदानस्थल रहेका छन्। जिल्लामा गण्डकी प्रदेशकै सबैभन्दा बढी तीन लाख आठ हजार ५७२ मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

## पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति योजना लक्ष्यअघि नै सम्पन्न

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ माघ

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यभन्दा दुई महिनाअघि नै सम्पन्न भएको छ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन गरेको पोखरेबगर-घार-चित्रे सडक योजनामार्फत प्रतिस्पर्धामा छनोट भएको निर्माण कम्पनीले काम थालेको दुई महिनामै सम्पन्न गरेको हो। विसं २०८२ चैत ३० गतेसम्म सम्पन्न गर्ने लक्ष्यसहित गत मङ्सिर २८ गते रु ३६ लाख १८ हजार ३४३ मा ठेक्का सम्झौता गरेको एसएस विल्डर्स प्रालिले यसै हप्ता काम सम्पन्न गरेको अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कपिल पाण्डेले बताउनुभयो। घारको बिरौटा चोकदेखि भुन्या खण्डमा यसअघि सोलिङ भएको ठाउँमा ३०० मिटर आरसिसी ढलान गरिएको उहाँले बताउनुभयो। अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने पोखरेबगर र घोडेपानी जोड्ने यो सडक पोखरादेखि मुस्ताङ जोड्ने वैकल्पिक पनि हो।

अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले सडक ढलान भएपछि स्थानीयवासीका साथै घोडेपानी-पुनहिल घुम्न आउने पर्यटकलाई सहज भएको बताउनुभयो। निर्माण व्यवसायीले पर्याप्त मजदुर, उपकरण परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यभन्दा अगाडि नै सडक निर्माण गरेको वडाध्यक्ष खड्काले बताउनुभयो। पोखरेबगरदेखि घोडेपानी जोड्ने २१ किलोमिटर दूरीको यो सडक अन्नपूर्ण गाउँपालिका-५ र ६ का बासिन्दाका साथै घोडेपानी-पुनहिल घुम्न आउने पर्यटकहरूले प्रयोग गर्छन्। घोडेपानीदेखि कास्कीको उल्लेरी बिरेठाँटी हुँदै मध्यपहाडी लोकमार्गको नयाँपुलसम्म पनि सडकको मार्ग खुलेको छ। गण्डकी प्रदेश सरकारमार्फत पोखरेबगर-घोडेपानी सडकको चित्रे-घोडेपानी खण्डको तीन किलोमिटरमा फराकिलो पार्ने, नाली र टेवा पर्खाल बनाएर स्तरोन्नति गर्ने आयोजना सञ्चालन भएको छ।

पोखरेबगर-बिरौटा खण्डको कुरमुनी र लुलिया घुम्तीको पहिरो प्रभावित क्षेत्रमा पहिरो रोकथाम र सडक स्तरोन्नति गर्न सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु तीन करोड विनियोजन गरेको थियो। स्थानीय पूर्वाधार आयोजना कास्कीअन्तर्गतको उक्त योजनाको बजेट सरकारले रोक्का गरेकाले कार्यान्वयन प्रक्रिया अघि नबढेको र पहल भइरहेको वडाध्यक्ष खड्काले बताउनुभयो।

उक्त सडकको घोप्टेखर्कमा पहिरोका कारण साँघुरिएको सडकमा गाउँपालिकाले कुनातर्फ पर्खाल निर्माण गरेर फराकिलो पारि यातायात सञ्चालनको व्यवस्था मिलाएको छ। वार्षिक ३० हजार जनाको अनुपातमा विदेशी पर्यटकले भ्रमण गर्ने घोडेपानीमा सोभन्दा बढी आन्तरिक पर्यटक आउँछन्। पहाडको टाकुरामा अवस्थित घोडेपानी र नजिकैको पुनहिल सूर्योदय, हिमशृङ्खला, पहाडी भूगोल, गुराँसे जङ्गल, वन्यजन्तु, पन्छी, मगर संस्कृतिलगायत आकर्षण रहेको छ।

## निर्वाचनको ४८ घण्टाअगावै सीमानाका बन्द गरिने

**रासस**
काठमाडौं, २३ माघ

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाल-भारत सीमानाका ४८ घण्टाअगावै बन्द गरिने भएको छ। मोरङको विराटनगरमा सम्पन्न सशस्त्र प्रहरी बल नेपाल र भारत सशस्त्र सीमा बलबीचको १६औँ डिआइजीस्तरीय समन्वय बैठकले सो निर्णय गरेको सशस्त्र प्रहरीका प्रवक्ता विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो।

बैठकमा सीमा सुरक्षा, सूचनाको आदान-प्रदान, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रण, मानव बेचबिखन, नक्कली मुद्रा, हातहतियार तथा लागुऔषध ओसारपसार नियन्त्रणलगायत विषयमा छलफल भएको थियो। समन्वय बैठकमा सीमास्तम्भको संरक्षण, यात्रु सहजीकरण, संयुक्त गस्ती, विपद् उद्धार अभ्यास तथा आपसी खेलकुद गतिविधि सञ्चालन गर्ने विषयमा समेत दुवै पक्षबीच छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ। सीमाक्षेत्रका सम्भावित नाकाहरू पहिचान गरी त्यसबाट हुनसक्ने खतरा मूल्याङ्कन गर्ने, शरणार्थी

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आहा रारा पोखरा गोल्ड कपको रजत वर्षमा फोटो प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

सहारा क्लब पोखराको आयोजनामा हरेक वर्ष पोखरामा आयोजना हुँदै आएको आहा रारा पोखरा गोल्ड कपको २५ औं वर्ष अर्थात् रजत वर्षको अवसरमा फोटो प्रदर्शनी गरिएको छ।

नेपाल फोटो पत्रकार संघ (एनपिजेए), कास्कीको आयोजना र सहारा क्लब पोखराको सहयोगमा भएको प्रदर्शनी पोखराको महेन्द्रपुलस्थित फल्चामा गरिएको छ। प्रदर्शनीको दक्षिण एसियाली फुटबल महासंघ (साफ) का महासचिव पुरुषोत्तम कट्टेलले उद्घाटन गरे । उनले तस्बिर प्रदर्शनीले आहारारा गोल्ड कपको इतिहासलाई स्मरण गराएको बताए । 'हाम्रो देशले एक खालको स्ट्रगल गरिरहेको अवस्थामा सबै स्ट्रगलबाट मुक्त भएर हामीले गरिरहेको खेलकुदको फोटो प्रदर्शनी समृद्धिको संकेत हो,' उनले भने, 'यो काम अन्त्यन्तै सह्रानीय कार्य हो। यस्तो काम मैले अरु ठाउँमा देखेको छैन् ।'



प्रदर्शनीमा आहारारा पोखरा गोल्ड कपको सुरुदेखिका अविस्मरणीय क्षणहरू समेटेर १ सय वटा फोटो प्रदर्शनी गरिएको नेपाल फोटो पत्रकार संघ कास्कीका अध्यक्ष राम गुरुङले बताए। आहाराराको २५ वर्षे इतिहास, सङ्घर्ष, उत्साह र गौरवलाई तस्बिरमार्फत् जनसमक्ष प्रस्तुत गरिएको हो । ५० भन्दा बढि फोटोमा फटबल मैदान भित्रका गोल, जित-हारका क्षण, खेलाडीको संघर्ष, समर्थकको भावना तथा मैदान बाहिरको फुटबल संस्कृतिलाई प्रस्तुत गरिएको छ । पोखरा महानगरपालिका वडाध्यक्ष दीपेन्द्र मर्सानीले फोटोमा देखिने हरेक विषयवस्तु सत्य हुने भएकाले पत्रकातिरामा फोटोको महत्वपूर्ण भूमिका हुने बताए। उनले नेपाल फोटो पत्रकार संघ, कास्की हरेक क्रियाकलापमा आफूले साथ र सहयोग गर्ने प्रतिवद्धता जनाए।

नयाँ पुस्तालाई नेपाली फुटबलको इतिहाससँग जोड्नुका साथै पोखरालाई खेलकुद पर्यटनको केन्द्रका रूपमा प्रवर्धन गर्न प्रदर्शनीले सहयोग गर्ने सहारा क्बल पोखराका अध्यक्ष केशवबहादुर थापाले बताए। यसले पोखरालाई खेलकुद पर्यटनको केन्द्रका रूपमा प्रवर्द्धन गर्न समेत योगदान पुऱ्याउने अपेक्षा गरिएको उनले सुनाए । नेपाल पत्रकार महासंघ, कास्कीका अध्यक्ष माधव बरालले २५ वर्षको इतिहासमा कुनै पनि वर्ष नछुटाइ आयोजना हुनेले निरन्तरताको गतिलो सन्देश गएको बताए। 'देशमा ठूला घटना र परिवेश आयो । ६२/६३ को आन्दोलन, ७२ को भूकम्प र कोरोना महामारीको समयमा पनि आहारारा गोल्डकप रोकिएन,' उनले भने, 'प्रतियोगिताले अहिले २५ वर्षमा लागेको छ । अझै सयौं सयौं वर्ष सञ्चालन भइरहोस शुभकामना।' उनले प्रतियोगितालाई पत्रकारले प्रचारप्रसारमा कुनै कमी आउन नदिने प्रतिवद्धता जनाए । २०५८ सालमा क्याराभान कोल्ड कपबाट सुरु भएको प्रतियोगिता २५ वर्षमा आइपुगेको हो भने आहा रारा गोल्ड कपको २५ औँ संस्करण माघ २७ गतेबाट पोखरा रंगशालामा सुरु हुँदैछ। यो पटक ३ विदेशी, एडिभिजन क्लब, विभागीय, आयोजकसहित १२ टिमको सहभागिता रहनेछ।

प्रदर्शनीमा राखिएको फोटोहरु आहारारा पोखरा गोल्डकपको दौरान माघ २७ देखि फागुन ९ गतेसम्म पोखरा रंगशालामा पनि प्रदर्शन गरिने एनपिजेए कास्कीका अध्यक्ष गुरुङले जानकारी दिए । शुक्रबार प्रदर्शनीमा छुटेकाहरुले प्रतियोगिता अवधिभर अवलोकन गर्न सक्ने उनले बताए।

# नमस्ते ब्याण्डको महाशिवरात्री विश्वसंगीत महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

नमस्ते ब्याण्डले ३७ औं वार्षिक उत्सव र नेपाल जापान मैत्री सम्बन्ध ७० वर्षको उपलक्ष्यमा १९ औं महाशिवरात्री विश्वसंगीत महोत्सव आयोजना गर्ने भएको छ।

विगत ३६ वर्षदेखि नेपालमा मात्र नभएर विश्वमा नै एक अमिट छाप राख्न सफल भएको नमस्ते ब्याण्डले फागुन १ गते काठमाडौंमा, फागुन ३ गते आईतबार लेकसाईड पोखरामा र मार्च महिनामा जापानको टोकियोमा महाशिवरात्रीको छेको पारी सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको संयोजक एवम् नमस्ते ब्याण्डका भोकलिस्ट ईश्वर गुरुङले जानकारी दिएका छन । नमस्ते ब्याण्डले महाशिवरात्री पर्वको अवसरमा आयोजना गर्ने विश्व संगीत महोत्सवको यो १९ औं संस्करण हो। फागुन ३ गते साँझ ६ बजेदेखि पोखराको लेकसाईडमा आतिसबाजी, शिवधुनी सहित नमस्ते ब्याण्डसँगै राजु लामा एण्ड मंगोलिएन हर्ट, राजेश पायल राई, दिप श्रेष्ठ लगायतको प्रस्तुति रहने उनले जानकारी गराए। नेपाल सहित अन्तराष्ट्रिय कलाकारको प्रस्तुतीले दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछ बताइएको छ । महाशिवरात्रीको अवसरमा ब्याण्डले निरन्तर कार्यक्रम विश्वसंगीत महोत्सव गर्दै आएको छ । नेपाल तथा जापानका विभिन्न ठाउँमा हुने सांगितिक महोत्सवमा दशर्कको व्यापक सहभागीता रहने अपेक्षा गुरुङको छ । ५० को दशकमा पोखराका पप ब्याण्डको सक्रियता र चर्चाका कारण नेपाली सांगीतिक क्षेत्रमा महत्वपूर्ण उपस्थिति रहेको स्मरण गर्दै पुनः पोखराको सांगीतिक क्षेत्र पुरानै अवस्थामा फर्कन सक्ने आशा थपिएको उनले बताए। महोत्सव अवलोकनका लागि एक सय र दुई सयको टिकट राखिएको छ। महोत्सवले पोखराको सांस्कृतिक उचाईलाई थप मजबुत बनाउने आशा गरिएको छ। पोखराको नै ब्याण्ड भएकाले उक्त महोत्सवलाई सफल पार्न पोखरेलीको साथ रहनेमा आयोजक आशावादी देखिन्छ । चलचित्र पत्रकार संघ नेपाल कास्कीका अध्यक्ष सन्तोष बस्यालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनको सञ्चालन चलचित्र पत्रकार संघ नेपाल कास्कीका सचिव सुरेश सुनारले गरेका थिए।




# पोखरामा शेर्पा समुदायको ग्याल्पो ल्होसार फुगुन पहिलो साता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

आगामी फागुन पहिलो साता पोखरामा ग्याल्पो (शेर्पा) ल्होसार २०८२ उत्सव हुने भएको छ । पोखराको अन्तर्राष्ट्रिय पर्वत संग्रहालयमा फागुन ६ गते देखि ८ गतेसम्म उक्त उत्सव हुने भएको आज पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।




उक्त उत्सवमा परम्परागत शेर्पा साँस्कृतिक प्रस्तुतिहरु, शेर्पा खानाका परिकार तथा हस्तकलाको प्रदर्शनी, साँस्कृतिक अनुष्ठान तथा दिगो पर्यटन र पर्वतीय सम्पदासम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरु समावेश हुने आयोजकले बताएको छ । मेडीकनेक्ट पोखरा तथा आइसीपीडीनेपालको आयोजना, नेपालपर्वतारोहणसंघ, शेर्पापर्यटन उद्यमी संघ नेपाल, म्याजेस्टिक पीक एडभेन्चर्स, ट्रेक एन्ड एक्सपीडीसन लगायतका संस्थाहरुको सहकार्यमा उक्त उत्सवको आयोजना गर्न लागिएको आयोजक आइपीडीसी नेपालका अध्यक्ष डा. विष्णु भुसालले बताए । पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष भुसालले पोखरामा पहिलो पटक ग्याल्पो ल्होसार उत्सव हुन लागेको उल्लेख गरे । ग्याल्पो ल्होसार उत्सवले पोखराको साँस्कृतिक तथा पर्यटन पहिचानमा महत्वपूर्ण उपलब्धि थप्ने बताउँदै यस्ता उत्सवले पोखरालाई कार्यक्रम र गतिविधिको सहर को रुपमा प्रवर्द्धन गर्न टेवा पुर्याउने अध्यक्ष भुसालले विश्वास व्यक्त गरे।

ग्याल्पो ल्होसार केवल शेर्पा समुदायको नयाँ वर्ष मात्र नभई, प्रकृतिसगँको सामञ्जस्य, सहनशीलता र साँस्कृतिक निरन्तरताका मुल्यको प्रतीक भएको आयोजकको भनाई छ।

पोखरामा तीन दिनसम्म सञ्चालन हुने ग्याल्पो ल्होसार उत्सव आयोजनाले शेर्पा समुदायले पर्वतारोहण र नेपालको विश्वव्यापी पर्यटन प्रतिष्ठामा पुर्याएको योगदानको सम्मान भएको आयोजकको भनाई छ। फेब्रुअरी महिनाको 'शोल्डर सिजन' मा आयोजना हुने यस उत्सवले इभेन्ट आधारित पर्यटन प्रवर्द्धनमा सहयोग पुर्याउने अपेक्षा गरिएको छ । ग्याल्पो (शेर्पा) ल्होसार उत्सवलाई भविष्यमा पोखराको वार्षिक प्रमुख साँस्कृतिक कार्यक्रमको रुपमा विकास गर्ने आयोजकको दीर्घकालीन लक्ष्य रहेको पत्रकार सम्मेलनमा बताइयो । शेर्पा समुदायको खाना, कला संस्कृति विश्व सामु पहिचान गराउन पनि पोखरामा उक्त उत्सव पहिलो पटक आयोजना गर्न लागिएको समन्वयकर्ता पेम्बा(संगम) शेर्पाले बताए । हिमाल आरोहणको क्षेत्रमा शेर्पा समुदायको पुरुयाएको योगदान स्मरणीय भएको उनको दाबी छ । ८ हजार मिटर भन्दा अग्ला अग्ला हिमाल आरोहण गर्ने कान्छा शेर्पा, कलाकार शेर्पा लगायतकाको कार्यक्रममा उपस्थिती हुने भएको संगमले जनाए।

# खुल्ला वडास्तरीय भलिवलको आयोजक टीम फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित राईजिङ्ग स्टार युथ क्लबको भण्डारी टोल स्थित भलिवल कोर्टमा सुरु भएको नवौं राईजिङ्ग स्टार खुल्ला वडास्तरीय भलिवल प्रतियोगिताको आयोजक टिम फाइनलमा प्रवेश गरेको छ।



यससँगै शनिवारको सेमीफाइनल खेल बागलुङ्गको ढोरपाटन समूह र पर्वत मोदीको बाजुङ्ग समूह मध्येको विजेतासँग आयोजक बी समूहले फाइनल खेल खेल्ने तय भएको छ। शुक्रवार विभिन्न आठ खेलहरु सम्पन्न भएका प्रतियोगिता संयोजक ईश्वर खत्रीले जानकारी दिए।

क्लवका अध्यक्ष तिलबहादुर गुरुङ अनिलको अध्यक्षतामा भएको कार्यक्रम पूर्व अध्यक्ष विष्णुप्रसाद गुरुङले सञ्चालन गरेका थिए।

शनिवारका फाइनल खेल सकिए लगत्तै क्लबका आजीवन संरक्षक पोखरा महानगरापालिका वडा नम्वर २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले समापन तथा पुरस्कार वितरण गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ । १५ टिमको सहभागिता रहेको प्रतियोगिताको बिजयी समूहले एक लाख ११ हजार एक सय ११, उप विजेता समूहले ५५ हजार पाँच सय ५५ र तृतीय हुने दुई समूहलाई १०/१० हजार प्रदान गरिने छ भने अन्य उत्कृष्ट खेलाडीलाई विधा अनुसारको पुरस्कार प्रदान गरिने वताइएको छ।

# निर्वाचनको ...

र आप्रवासीहरूको गतिविधिउपर निगरानी राख्ने, विभिन्न तह बनाई नियमित चेकजाँच गर्न दुवै पक्षबीच सहमति भएको छ । बैठकमा आपराधिक तत्वहरूबाट हुनसक्ने घुसपैठ कडाइका साथ नियन्त्रण गर्ने, सीमाक्षेत्रमा मादक पदार्थ विक्री वितरण र सेवनमा पूर्णतः बन्देज गर्नेलगायत विषयहरूमा समेत छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ। बैठकमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले सीमा केवल दुई देशबीचको रेखा नभई मित्रताको प्रतीक भएको उल्लेख गर्नुभयो।

समकक्षी भारतीय सशस्त्र सीमा बलका डिआइजी सरोजकुमार ठाकुरले नेपाल-भारत सीमाक्षेत्रलाई आगामी दिनमा अझ मजबुत र बलियो बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । बैठकमा सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू अन्जनीकुमार पोखेल, दिपेन्द्र शाह, कृष्ण ढकाल र मनिष थापा तथा भारतीय एसएसबीको तर्फबाट डिआइजी सरोजकुमार थाकुर, मन्जिीत सिंह, सुरेश सुब्रमनिम, राजेस टिक्कु र मनिष कुमारको समेत उपस्थिति थियो।

# उपाधिका लागि फाइनल खेलमा बंगलादेश र भारत भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ माघ

साविक विजेता बंगलादेश र भारत पोखरामा जारी साफ महिला यु-१९ च्याम्पियनसिप फुटवल प्रतियोगिताको उपाधिको लागि फाइनल खेलमा शनिबार प्रतिष्प्रर्धा गर्ने भएका छन्। पोखरा रंगशालाको फुटवल मैदानमा दिउसो २:०० बजे फाइनल खेल हुने भएको साफका महासचिव पुरुषोत्तम कट्टेलले बताउनु भयो।

राउण्ड रोविनका आधारमा भएको खेलमा बंगलादेश र भारतले शिर्ष पहिलो र दोश्रो स्थानमा रहदै फाइनलमा यात्रा तय गरेका हुन् । बंगलादेश शिर्ष स्थानमा हुदै लगातार ३ खेलमा जित हासिल गर्दै ९ अंक सहित फाइनलमा यात्रा तय गर्दा भारतले ३ खेल मध्य २ खेलमा जित र एकमा हार व्यहोर्दै ६ अंकका साथ शिर्ष दोश्रो हुदै फाइनलमा यात्रा बनाएको हो । बुधबार भारतले भूटानलाई एकतर्फी ८–० को गोल अन्तरले पराजित गरेको थियो अर्को खेलमा घरेलु टिम नेपाललाई बंगलादेशले ४–० को गोल अन्तरले पराजित गरेको थियो। नेपाल सहित ४ देश सहभागि प्रतियोगितामा बंगलादेशले यस अघि भारतलाई पराजित गरेको थियो । बंगलादेशले आफ्नो पहिलो खेलमा भुटानलाई १२-० को फराकिलो अन्तरले पराजित गरेको थियो। । बंगलादेश प्रतियोगितामा अपराजित रहँदै शीर्ष स्थानमा रहेको हो । नेपालले भुटानलाई २-१ ले पराजित गरी एक खेलमा मात्र जित हासिल गरेको थियो। यसअघि नेपाल पहिलो खेलमा भारतसँग १-० ले पराजित भएको थियो । नेपाल अंक तालिकामा ३ अंक सहित तेश्रो र भूटान अंक विहिन हुदै चौथौ स्थानमा रहेको छ । अखिल नेपाल फुटवल संघको आयोजनामा यही माघ १७ गतेदेखि उक्त प्रतियोगिता पोखरामा सुरु भएको हो।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं।**

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैले:

- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्याङ्जामा ७६ हतियार अझै बाहिर

पोखरापत्र संवाददाता
स्याङ्जा, २३ माघ

सरकारसगँ इजाजत लिएर विभिन्न व्याक्तिहरुले राखेका ७६ हतियार अझै बुझाएका छैनन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै स्याङ्जा प्रशासनले इजाजत प्राप्त हातहतियार बुझाउन निर्देशन दिएको थियो । सो निर्देशनपछि ४६ थान हतियार प्राप्त भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक प्रशन्न चौधरीले जानकारी दिए। जिल्ला प्रशासनमा प्रत्येक दुई/दुई बर्षमा १ सय २२ हातहतियार नविकरण हुदै आएको छ । प्रहरीका सूचना अधिकारी चौधरीका अनुसार अझै ७६ हतियार बुझाउन बाँकी रहेको छ ।

हतियार राखेका व्यक्तिले आफूलाई पायक पर्ने नजिकको प्रहरी चौकीमा पुगेर माघ २० गते भित्र हतियार बुझाउन प्रशासनले आग्रह गरेको थियो । अहिलेसम्म बुझाइएको हतियार निकै कम भएको बताइएको छ । अब हतियार नबुझाउनेहरुको हकमा के गर्ने भन्ने सुरक्षा समितिले निर्णय गर्ने प्रहरीले जनाएको छ । अझैपनि हतियार बुझाउन सकिने बताइएको छ । कतिपय मान्छेले हतियार बाहिर जिल्लामा राखेकाले आउन ढिला भएको हुनसक्छ भन्ने हाम्रो अनुमान हो सूचना अधिकारी चौधरीले भने,'दर्तावाला व्याक्तिलाई खबर गरेर छिटो हतियार बुझाउन आग्रह गरिरहेका छौं ।' हतियार नबुझाउने बिषयमा छिट्टै सुरक्षा समितिले निर्णय गर्ने छ उनले भने । निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न जिल्ला प्रशासनले हतियार बुझाउन आग्रह गरेको हो । प्रशासनले जारी गरेको सूचना अनुसार हतियार बुझाउने समय सकिएको छ । निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण बनाउन हतियार खरखजाना ऐन २०१९ को दफा ८ बमोजिम प्रत्येक निर्वाचनका बेला जिल्लाका विभिन्न व्यक्तीसँग इजाजतसहित भएका हतियार प्रहरीलाई बुझाउन आग्रह गर्दै आएको छ । केही समयका लागि हतियार प्रशासनलाई बुझाउन भने पनि निश्चित समयपछि फिर्ता हुने प्रशासनले जनाएको छ ।

यसभन्दा अगाडी अबैध रुपमा राखिएका हतियार प्रहरीले बरामद गरी कारवाही प्रक्रिया अगाडी बढाएको छ । निर्वाचन लक्षित प्रहरीले सुरक्षा रणनीति अनुसार गस्तीलाई तिब्रता दिएको जनाएको छ ।

# प्रशोधित पानी उद्योग व्यवसायी संघ कास्कीमा प्रेम

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

प्रशोधित पानी उद्योग व्यवसायी संघ कास्कीको दशौं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशन बिहिबार पोखरामा सम्पन्न भएको छ ।

अधिवेशनले सर्वसम्मत रुपमा नयाँ कार्यसमिति चयन गरेको छ । समितिको अध्यक्षमा प्रेम बहादुर क्षेत्री चयन भएका छन् । उपाध्यक्षमा लेख बहादुर प्रधान गोर्खाली पानी, सचिवमा हिमालयन वाटर एण्ड आईसका अध्यक्ष कविन्द्र कोईराला, कोषाध्यक्षमा पुष्पराज गिरी पञ्चासे पानी, सहसचिवमा अमृतसागर तिवारी वर्षा पानी रहेका छन् ।



सदस्यहरुमा चीनुमाया गुरुङ अमृतजल, सन्दिप लामिछाने लेकसिटी पानी, सन्त बहादुर लामिछाने नेशनल पानी र निशान्त तिवारी विश्वास पानी रहेका छन् । प्रमुख अतिथि, निर्वाचन समितिका संयोजक संस्थाका संस्थापक तथा वरिष्ठ सल्लाहकार यदुनाथ अधिकारीले नवनिर्वाचित पदाधिकारीहरुलाई सपथग्रहण गराउँदै सफल कार्यकालको लागि शुभकामना व्यक्त गरे । उनले पानी व्यवसायीलाई एक मन र एकतामा रहेर संस्थालाई जिवन्त बनाउने कार्यमा नयाँ समिति दत्तचित्त भएर लाग्नेमा आफु ढुक्क भएको बताए । पहिले घरलाई व्यवस्थित बनाउनु पर्ने अर्नि प्रदेश तथा केन्द्रमा कास्कीको क्रियासिलतालाई अब्बल बनाउन अनुरोध गरे । नवनर्वाचित अध्यक्ष तथा सोल्टी पानीका अध्यक्ष प्रेम क्षेत्रीले आफ्नो कार्यकालमा संस्थाको जगलाई बलियो बनाउन इंटा थप्ने कार्य गर्ने बताए । सबैभन्दा पहिले आमी बाँच्नुपर्छ अनि अरुलाई बचाउन पनि हामी सबै एक भएर जानुको विकल्प नभएको बताए ।

सो अवसरमा उनले एउटै थलोबाट पानीको वितरण प्रणालीलाई समुचित रुपमा अगाडी बढाउन आवश्यक भएकोमा जाड दिएका थिए । निवर्तमान अध्यक्ष रवीन्द्र मोहन अधिकारीले हामी सबैले कानुनको पालना गर्दै नियमनकारी निकायलाई केहि भन्न सक्ने ठाउँ पनि नदिएर कामलाई अगाडी बढाउनु पर्नेमा जोड दिए । ३ वर्षे कार्यकालमा स्वच्छ विचारलाई आत्मसाथ गर्दै अगाडी बढ्न आवश्यक भएको बताए ।

सल्लाहकार रामबहादुर कोईरालाले आगमी दिनहरुमा समितिले संस्थाको गरिमालाई थप उचाईमा पुर्याउने कार्यमा लाग्न शुभकामना व्यक्त गरे । कार्यक्रमको पहिलो सत्रको सञ्चालन सचिव अमृत तिवारीले गरेका थिए । नयाँ कार्यसमिति सर्वसम्मत भईसकेपछि समितिका सचिव कविन्द्र कोईरालाले सञ्चालन गरेको कार्यक्रममा शुभकामना व्यक्त तथा प्रमुख अतिथि यदुनाथ अधिकारी र पाहुनाहरुलाई मायाको चीनो प्रदान गरिएको थियो ।

# मुस्ताङमा खिचिएको म्युजिक भिडियो 'मुटु भित्र धड्कन' सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

मुस्ताङको मनमोहक प्राकृतिक सौन्दर्यलाई पर्दामा उतारिएको म्युजिक भिडियो 'मुटु भित्र धड्कन' शुक्रबारदेखि सार्वजनिक गरिएको छ ।

कलाकार तथा निर्माता कृष्ण सुनार र जुना कार्कीको अभिनय रहेको उक्त म्युजिक भिडियो युट्युब, फेसबुक र टिकटक सहित विभिन्न सामाजिक सञ्जाल मार्फत दर्शक माझ आजबाट सार्वजनिक गरिएको हो ।

निर्देशक कविराज घत्राजको निर्देशनमा तयार भएको भिडियोको छायाङ्कन अपर मुस्ताङ र कागबेनी लगायतको क्षेत्रमा दुई दिनसम्म गरिएको हो। निर्माताका अनुसार भिडियो निर्माणमा करिब पाँच लाख रुपैयाँ खर्च भएको छ । प्रेमभाव झल्किने गीतमा प्रमोद खरेल र जिना रसाइलीको सुमधुर स्वर रहेको छ । गीतमा लेखु सहयात्रीका शब्द, अर्जुन पोखरेलको संगीत तथा गोपाल रसाइलीको एरेन्जमेन्ट रहेको छ । गीतको मिक्सिङ तथा मास्टरिङ किशोर थापाले गरेका हुन् भने रेकर्डिङ ए-वन म्युजिसियन




स्टुडियोमा गरिएको हो । पहिला सहरका अग्ला भवन र स्टुडियो केन्द्रित भिडियो बन्ने प्रवृत्ति रहे पनि यसपटक हिमाली भेगको मौलिक सौन्दर्यलाई समेटिएको निर्माता कृष्ण सुनार बताउँछन् । "हिमालको हिउँ, प्रकृति र त्यहाँको मोहमाया दर्शकले प्रत्यक्ष अनुभूति गर्न सकून् भन्ने चाहना हो," उनले भने। विगत तीन दशकभन्दा बढी समयदेखि कलाकारितामा सक्रिय सुनारले हालसम्म १४ वटा म्युजिक भिडियो निर्माण गरिसकेका छन्। ठूलो पर्दाको फिल्म निर्माण गर्ने सपना अझै जीवित रहेको उनको भनाइ छ । पोखरा बेगनास निवासी कलाकार एवं निर्माता सुनार विगत १४ वर्षदेखि प्रत्येक वर्ष करिब तीन महिना नेपालमा बिताउँदै आएका छन् । नेपाल आउँदा उनी देशको प्रकृति, संस्कृति र गीत-संगीत क्षेत्रमा रमाउँदै नियमित रूपमा म्युजिक भिडियो निर्माण गर्दै आएका छन् । भिडियो निर्माणमा प्रोडक्सन डिजाइनर गणेश सापकोटा, मेकअप आर्टिस्ट सरोज बुढाथोकी, छायाङ्कन निर्देशक दुर्गा पौडेल, सम्पादक मनोज कार्की तथा कलरिस्ट रेनिश फागोको महत्वपूर्ण योगदान रहेको छ । भिडियोको पोस्ट-प्रोडक्सन लुमिनोस पोस्टवर्क्समा सम्पन्न गरिएको हो । निर्देशक घत्राज स्वयंले भिडियोको कोरियोग्राफी समेत गरेका छन् ।

# गोरखाको लाप्राकवासीले गरे 'मकै विवाह'

पोखरापत्र संवाददाता
गोरखा, २३ माघ

जिल्लाको धार्चे गाउँपालिका-४ लाप्राकका किसानले कृष्ण प्रतिपदाको तिथिमा लगन जुराएर शुक्रबार प्रमुख बाली मकैको धुमधामले विवाह सम्पन्न गरेका छन् ।

बिहे नगरी मकै रोप्नुहुन्न भन्ने धार्मिक, सांस्कृतिक मान्यताअनुसार लाप्राकीले शुक्रबार मकै बिहे गरेका हुन् । "मकैको बिहे गरेपछि अब बल्ल बारीमा रोप्ने काम सुरु हुन्छ", स्थानीय मार्सिङ गुरुङले भन्नुभयो, "यसपालि माघ शुक्ल पूर्णिमामा गाउँमा सिमेभुमे पूजा भयो । त्यसलगत्तै लगन छोपेर आज मकैको बिहे गरेका हौं ।" उहाँका अनुसार आज लाप्राकका गाउँले नै उर्लिएर धुमधामका साथ विवाह सम्पन्न गरेका हुन् । गाउँले सबै मकैको जन्ती गए, मकैको भोज भतेर खाए, नाचगान गरे । उत्तरी गोरखाको धार्चे गाउँपालिकाभित्रका लाप्राक, गुम्दा, सिङ्ला, उहिया, खोर्ला, लप्सीबोट, यमगाउँ, खानीगाउँ, लापुलगायत गाउँमा परापूर्वकालदेखि मकै विवाह गर्ने चलन छ । अरु गाउँमा अनुकूलको लगन पारेर मकै बिहे सम्पन्न गर्दैछन् ।

प्रकृति पूजक यहाँका बोन धर्माटलम्बीहरू मकैको बिहे गरेपछि मात्र मुख्य बालीको रूपमा रहेको मकैखेती लगाउन सुरु गर्छन् । मकैको उब्जनी राम्रो होओस्, असिना पानीले नष्ट नगरोस्, रोग नफैलियोस् भनेर यहाँ मकैको बिहे गर्ने गरेको अर्का स्थानीय राम गुरुङ बताउनुहुन्छ । ज्योतिषीले निकालेको साइतअनुसार विवाहको अघिल्लो दिन केही घोगा मकै जमिनमा गाडेर राखिन्छ । विवाहका दिन बिहानैदेखि गाउँभरिका मानिस लाप्राकको ठूलो आँगनमा जम्मा हुन्छन् । अनि सिङ्गारेर एकजना बालकलाई डोलीमा राखेर ढ्याङ्ग्रो, मादल र झ्यालीलगायत बाजागाजासहित जन्ती जाने गर्छन् । ठूलो आँगनबाट मनिडाँडा हुँदै केहीपर जङ्गलमा बेहुली घरका रूपमा बनाएको अर्काको सानो झुप्रोमा कन्या राखेको ठाउँमा जन्ती पुग्छ । जन्तीले ती कन्यालाई लिएर पुनः बाजागाजासहित लाप्राक गाउँको परिक्रमा गर्छन् । जन्ती जाँदा आफ्नो घरबाट लगेको एक-एक घोगा मकै एकै ठाउँमा थुप्रो लगाइन्छ । त्यो मकैलाई सुनपानी, गोबर र तीतेपातीले चोख्याउने चलन छ । यही मकैलाई अरु बीउमा मिसाएर गाउँका सबै किसानले बारीमा मकै रोपिने लाप्राकका बिसबहादुर गुरुङ बताउनुहुन्छ । बेलुका फेरि ठूलोआँगनमा पुगी नाचगान गरी भुटेको मकैको भोज खाएपछि साँझ घाटु नाचसँगै मकै बिहे समापन हुने गुरुङले बताउनुभयो । "यो पुरानो परम्परा हो, यसरी मकैको बिहे गरेपछि बल्ल मकै लगाउन सुरु हुन्छ । बिहे नगरी मकै लगाउँदा अशुभ हुन्छ भन्ने मान्यता छ", स्थानीय मार्सिङ गुरुङले भन्नुभयो । लाप्राकवासीले हरेक वर्ष माघको अन्तिम तथा फागुन महिनाको पहिलो हप्ताभित्र मकैको विवाह सम्पन्न गर्ने गरेको उहाँले बताउनुभयो । धार्चे गाउँपालिकाले मकै बिहेलाई प्रवर्द्धन गर्न वृत्तचित्र बनाएको छ ।

# मुस्ताङमा नेपाली सेना र सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा बेस स्थापना

पोखरापत्र संवाददाता
मुस्ताङ, २३ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै हिमाली जिल्ला मुस्ताङमा नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालको निर्वाचन सुरक्षा बेस स्थापना गरिएको छ । निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, भयरहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न यहाँका तीन क्षेत्रमा निर्वाचन सुरक्षा बेस स्थापना गरिएको हो ।

बिहीबार यहाँ आयोजित जिल्ला सुरक्षा समितिसहितको सर्वदलीय बैठकमा निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी जानकारी दिइएको हो । माथिल्लो मुस्ताङको थुर्लुङ फाँटमा नेपाली सेना र चराङमा सशस्त्र प्रहरी बल नेपालको निर्वाचन सुरक्षा बेस स्थापना भइसकेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो । यसैगरी जोमसोमस्थित इन्द्रबक्स गणमा नेपाली सेनाको निर्वाचन सुरक्षा बेस स्थापना भएको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार निर्वाचन सुरक्षाका लागि आवश्यकता परेमा म्याग्दी र मुस्ताङको सिमाना घाँसामा पनि थप निर्वाचन सुरक्षा बेस स्थापना गर्ने तयारी भइरहेको छ ।

माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-१ चराङस्थित गाउँपालिकाको एक भवनमा सशस्त्र प्रहरी बल नेपालको बिहीबार निर्वाचन सुरक्षा बेस स्थापना भएको सशस्त्र प्रहरीले जनाएको छ । त्यहाँ केन्द्रबाट सशस्त्र प्रहरी नायब निरीक्षकको कमान्डमा २४ सशस्त्र प्रहरीका निर्वाचन सुरक्षा टोली परिचालित भइसकेको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मले जनाएको छ ।

पैंतीस जनाको निर्वाचन सुरक्षा बेस स्थापना गर्नेगरी चराङमा सशस्त्र प्रहरी टोली खटाइएको हो । त्यसमध्ये २३ सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मको सुरक्षा टोली पठाइएको हो भने बाँकी थप ११ जना निर्वाचन प्रहरीको तालिम प्रशिक्षण सकेपछि खटाइने जनाइएको छ । त्यहाँको निर्वाचन सुरक्षा बेसका लागि सशस्त्र प्रहरी नायब उपरीक्षक ऋषिकेश राउतले नेतृत्व गर्नुभएको छ । यसैगरी यहाँस्थित निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै जिल्लामा क्विक रेस्पोन्स टिम (क्युआरटी) समेत गठन भइसकेको जनाइएको छ । सरकारले घोषित निर्वाचनलाई सफल पार्न सेना परिचालन गर्ने निर्णय गरेसँगै मुस्ताङका विभिन्न स्थानमा नेपाली सेनाले दैनिक गस्ती गर्ने कार्य सुरु गरिसकेको छ । यसैगरी माथिल्लो मुस्ताङमा सशस्त्र प्रहरी बल नेपाल (बिओपी) र चराङस्थित सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा बेसले गाउँ गाउँमा निर्वाचन सुरक्षा गस्ती गर्न सुरु गरिसकेको छ ।

# लायन्स हेमोडायलाइसिस युनिट अस्पताललाई हस्तान्तरण

पोखरापत्र संवाददाता
तनहुँ, २३ माघ

लायन्स क्लब इन्टरनेसनल, डिस्ट्रिक ३२५ एल नेपाल, लायन्स क्लब अफ खैरेनीटार, लायन्स क्लब अफ तनहुँ म्याग्दे, लायन्स क्लब अफ तनहुँ शुक्लागण्डकी सिस्टर्सले स्थापना गरेको लायन्स हेमोडायलाइसिस युनिट जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई हस्तान्तरण गरिएको छ । शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित अस्पतालमा लायन्सको सहयोगमा स्थापना गरिएको युनिट आज एक कार्यक्रमका बीच अस्पताललाई हस्तान्तरण गरिएको हो । क्लबले सातवटा डायलाइसिस उपकरण सहयोग गरेको छ ।

क्लबले शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका र म्याग्दे गाउँपालिकाको संयुक्त आर्थिक सहयोगमा करिब डेढ करोडको लागतमा उक्त युनिट सञ्चालन गरेको हो ।

परियोजनाअन्तर्गत लायन्स क्लब इन्टरनेसनलबाट रु एक करोड ११ लाख ७२ हजार, शुक्लागण्डकी नगरपालिकाबाट रु २५ लाख, भिमाद नगरपालिकाबाट रु १० लाख र म्याग्दे गाउँपालिकाबाट रु छ लाख आर्थिक सहयोग प्राप्त भएको लायन्स क्लब ३२५ एल नेपालका क्याबिनेट सेक्रेटरी सुजित हिराचनले बताउनुभयो । डायलाइसिस सेवा सुरु भएसँगै यस क्षेत्रका मिर्गौलापीडितले सेवा लिन थालिसकेका छन् । हाल अस्पतालमा जडान गरिएका सातवटा उपकरणमध्ये पाँचवटा नियमित सेवाका लागि सञ्चालनमा रहेका छन् भने दुईवटा आपतकालीन प्रयोजनका लागि सुरक्षित राखिएका छन् । प्रारम्भमा एक सिफ्टमा सेवा सञ्चालन गरिएको भए पनि बिरामीको चाप बढेसँगै हाल दुई सिफ्टमा करिब ३० जना बिरामीले सेवा लिइरहेको अस्पतालका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । क्लबका इन्टर नेसनल डाइरेक्टर बालकृष्ण बुर्लाकोटीको उपस्थितिमा उक्त उपकरण अस्पतालका निर्देशक श्रेष्ठलाई हस्तान्तरण गरिएको हो । क्लबका क्याबिनेट सेक्रेटरी सुजित हिराचनले यस क्षेत्रका मिर्गौलापीडितलाई सेवा लिन अन्यत्र जानुपर्ने बाध्यता रहेकाले अस्पतालमा युनिट स्थापना गरिएको जानकारी दिनुभयो ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शत्रुको भय |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**जलश्रोतको मुहान दर्ता सम्बन्धमा सुझाव वा दाबी बिरोध पेश गर्ने सम्बन्धि सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशन मिति २०८२/१०/२३)

पोखरा महानगरपालिका वडा नं. २२ स्थित गजेखोला कालाबाङ घरेढी लिफि्टङ खानेपानी उपभोक्ता समितिले गजेखोला (मुल) मुहान दर्ता गरीपाउँ भनी पोखरा महानगरपालिका कार्यालयको नगर जलश्रोत समिती समक्ष निवेदन पेश गरेकोमा, यस पोखरा महानगरपालिका कार्यालयको जलश्रोत तथा मुहानदर्ता कार्यविधि - २०७८ बमोजिम तपसिल बमोजिमको जलश्रोतको उपयोग सम्बन्धमा कुनै उल्लेखनिय प्रतिकुल असर पर्ने भएमा वा अनुमति पत्र नदिन कुनै दाबीरबिरोध भएमा तत्सम्बन्धि विवरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले (१५) पन्ध्र दिन भित्र पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा जो सुकैले पनी सुझाव र निवेदनको उजुरी पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | उपभोक्ता समितिको नाम | मुहानको विवरण |
|---|---|---|
| १ | गन्जेखोला कालाबाङ घरेढी लिफि्टङ खानेपानी उपभोक्ता समिति, पोखरा-२२ | गञ्जखोला (मुल) मुहान दर्ता, पोखरा-२२ |

HIMALAYANLIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१००११०३२ | कोपिला विश्वकर्मा | भोरले ३, पर्वत |
| २ | PLI १६१००११०३२ (S) | कोपिला विश्वकर्मा | भोरले ३, पर्वत |
| ३ | ULI ४१७०००१०५५ | युवराज सिग्देल | अरुणोदय १, तनहुँ |

# पोखरामा बिटी कप जारी, राष्ट्रिय फुटसल खेलाडी लामालाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

बुद्धटोल युवा क्लबले राष्ट्रिय फुटसल खेलाडी सुबेत लामालाई सम्मान गरेको छ।

पोखरा महानगरपालिका १ टुंडिखेलमा जारी 'नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा शुक्रबार लामालाई सम्मान अर्पण गरेको हो।

राष्ट्रका लागि फुटसलमार्फत योगदान दिएको भन्दै सम्मान गरिएको क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए। उनका अनुसार राष्ट्रिय फुटसल खेलाडी लामा बिटी कपमा ठमेल एफसीबाट खेल्दैछन्। 'राष्ट्रिय स्तरका खेलाडी विरेन स्मृति बिटी कपमा खेल्न आउन् भन्ने नै हाम्रो पनि उद्देश्य हो, क्लबका अध्यक्ष गुरुङले भने, 'यसले हाम्रो प्रतियोगिताको गरिमा पनि बढाएको छ।'




यसैगरी पहिलो खेलमा मार्सल ह्वाइटले बेलिज् एफसीलाई २-० गोल अन्तरले पराजित गर्यो। ह्वाइटको जीतमा नवीन पुन मगर र आकाश पुर्जामगरले समान १/१ गोल गरे। यस्तै दोस्रो खेलमा ठमेल एफसीले गलेश्वर एफसीलाई ५-० को फराकिलो गोल अन्तरले पराजित गरेको क्लबका सचिव रेशम सापकोटाले जानकारी दिए। सापकोटाका अनुसार ठमेलको जीतमा मनिष मगर, कुन्सान श्रेष्ठ, मिग्मार तामाङ, श्री माम्बा र विकेश शामहीले समान १/१ गोलको योगदान दिए। यसैगरी तेस्रो खेलमा गोल्डेन नाइटको अनुपस्थितीमा वाकओभरमार्फत नवश्री विजयी बन्यो। चौथों खेलमा बाँनिया ब्रदर्शले युनाइटेड ब्लुलाई ३-० गोल अन्तरले पराजित गर्यो। बाँनिया ब्रदर्शको जीतमा सुशान्त थापा, बादल रानाभाट र अनुप बञ्जराले समान १/१ गोल गरे। पाँचौ खेलमा डेभिजफल्स क्लबले रेवल्स एफसीलाई ४-० को फराकिलो गोल अन्तरले हरायो। डेभिजफल्सको जीतमा रविन्द्र केसीले २ गोलको योगदान दिए भने, संगम गुरुङ र सञ्जु मगरले समान १/१ गोल गरे। छैटौं खेलमा माइलस्टोन स्कुकरमाथी एनए एफसीले १-० को गोलन्तरले सँघर्षपूर्ण जीत निकाल्यो। एनएको जीतमा सन्तोष चौधरीले निर्णायक गोल गरे। यस्तै सातौ खेलमा लेकसाइड एफसीलाई दिप युनाइटेडले २-० गोल अन्तरले पराजित गर्यो। दिपको जीतमा लोकेन छन्त्याल र शोभित भण्डारीले समान १/१ गोल गरे। यसैगरी अन्तिम खेलमा कस्केरीको अनुपस्थितीमा वाकओभरमार्फत एट टु नाइन एफसी विजयी बन्दै दोस्रो चरणमा प्रवेश गर्यो। शनिबार पनि पहिलो चरणकै बाँकी खेल सञ्चालन हुने क्लबका निवर्तमान अध्यक्ष असिम थापाले जानकारी दिए। उनले प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गर्ने बताए। प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडीलाई स्पोर्टस् साइकल प्रदान गरिनेछ। यस्तै उत्कृष्ट गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ८/८ हजार पुरस्कार प्राप्त गर्नेछन्। यस्तै प्रतियोगितामा अनुशासित टिमलाई १० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# सुशासन र विकास निर्माणमा जोड दिन्छु–उम्मेदवार माधव बास्तोला

पोखरापत्र संवाददाता
पोखरा, २३ माघ

नेपाली काँग्रेसको तर्फबाट कास्की निर्वाचन क्षेत्र नं २ का उम्मेदवार माधवप्रसाद बास्तोलाले आफूले जनताको समस्या र सुशासनको पक्षमा जोडदार रुपमा आबाज उठाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

पोखरा-११ फूलबारीस्थित नेपाली काँग्रेस कास्की निर्वाचन क्षेत्र नं २ को चुनाव प्रचारप्रसार सम्पर्क कार्यालयको शुक्रबार उद्घाटन कार्यक्रममा उनले आफ्नै वडावासीसामु यस्तो प्रतिवद्धता व्यक्त गरेका हुन्। राजनीति क्षेत्रमा लागेकै समयदेखि आफू सुशासन, विकास निर्माण र समृद्धिको पक्षमा उभिदै आएकाले कास्की २ का मतदाताले आफूलाई न्याय गर्नेमा विश्वास व्यक्त गर्नुभयो। आफ्नो सम्पूर्ण जीवन इमान्दारपूर्वक राजनीति र समाजसेवामा लागेकै कारण काँग्रेसले आफूलाई टिकट दिएका र चुनावमा होमिएको उनले बताए। पार्टीमा युवा सभापति भएकै कारण पार्टीका



नेता तथा कार्यकर्तामा यतिबेला उत्साह थपिएको छ, उनले भने जेन्जी समुहले उठाएका माग पनि देशको अभिभावकीय पार्टी काँग्रेसले सम्बोधन गर्ने कुरामा विश्वस्त गराउँछु। कास्की क्षेत्र नं २ का मतदाताको सुझाव संकलन गर्ने क्रममा अनगिन्ती समस्या आएका छन् ति समस्या समाधानका लागि आफू सक्रिय भएर लाग्ने भनाइ उनको छ। युवा बेरोजगारी र मंहगी नियन्त्रण, पर्यटन, कृषि, सुकुम्वासी समस्या, सुशासन, खानेपानी, ढलनिकास, फोहोर व्यवस्थापन, सडक, पुल, तटबन्द जस्ता समस्या यहाँका मूल समस्याका रुपमा देखिएको पनि उहाँले जानकारी दिनुभयो। सो अवसरमा नेपाली काँग्रेसका नेता वीरेन्द्रनारायण विजुक्छे, केशर निर्दोषी लगायतले आफ्ना भनइ राखेका थिए।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ देउराली टोलको परियार मार्गमा बाटो ढलान गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : देउराली टोलको परियार मार्ग बाटो ढलान
उपभोक्ता समितिको नाम : देउराली टोलको परियार मार्ग बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ५
योजना सम्झौता मिति : २०८२/०९/०१
योजना सुरु मिति : २०८२/०९/०२
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ३,००,०००/-
उपभोक्ताबाट : रु. ५३,७८७/८१
योजनाको कुल लागत : रु. ३,५३,७८७/८१

**अमृत परियार**
**अध्यक्ष**
**देउराली टोल परियार मार्य बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की**

# मुस्ताङमा नेपाली सेना र सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा बेस स्थापना

पोखरापत्र संवाददाता
मुस्ताङ, २३ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै हिमाली जिल्ला मुस्ताङमा नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालको निर्वाचन सुरक्षा बेस स्थापना गरिएको छ। निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, भयरहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न यहाँका तीन क्षेत्रमा निर्वाचन सुरक्षा बेस स्थापना गरिएको हो।



बिहीबार यहाँ आयोजित जिल्ला सुरक्षा समितिसहितको सर्वदलीय बैठकमा निर्वाचन सुरक्षा व्यवस्थापनसम्बन्धी जानकारी दिइएको हो। माथिल्लो मुस्ताङको थुर्लुङ फाँटमा नेपाली सेना र चराङमा सशस्त्र प्रहरी बल नेपालको निर्वाचन सुरक्षा बेस स्थापना भइसकेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो। यसैगरी जोमसोमस्थित इन्द्रबक्स गणमा नेपाली सेनाको निर्वाचन सुरक्षा बेस स्थापना भएको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार निर्वाचन सुरक्षाका लागि आवश्यकता परेमा म्याग्दी र मुस्ताङको सिमाना घाँसामा पनि थप निर्वाचन सुरक्षा बेस स्थापना गर्ने तयारी भइरहेको छ। माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-१ चराङस्थित गाउँपालिकाको एक भवनमा सशस्त्र प्रहरी बल नेपालको बिहीबार निर्वाचन सुरक्षा बेस स्थापना भएको सशस्त्र प्रहरीले जनाएको छ। त्यहाँ केन्द्रबाट सशस्त्र प्रहरी नायब निरीक्षकको कमान्डमा २४ सशस्त्र प्रहरीका निर्वाचन सुरक्षा टोली परिचालित भइसकेको सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मले जनाएको छ। पैंतीस जनाको निर्वाचन सुरक्षा बेस स्थापना गर्नेगरी चराङमा सशस्त्र प्रहरी टोली खटाइएको हो। त्यसमध्ये २३ सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मको सुरक्षा टोली पठाइएको हो भने बाँकी थप ११ जना निर्वाचन प्रहरीको तालिम प्रशिक्षण सकेपछि खटाइने जनाइएको छ। त्यहाँको निर्वाचन सुरक्षा बेसका लागि सशस्त्र प्रहरी नायब उपरीक्षक ऋषिकेश राउतले नेतृत्व गर्नुभएको छ। यसैगरी यहाँस्थित निर्वाचन सुरक्षालाई मध्यनजर गर्दै जिल्लामा क्विक रेस्पोन्स टिम (क्युआरटी) समेत गठन भइसकेको जनाइएको छ। सरकारले घोषित निर्वाचनलाई सफल पार्न सेना परिचालन गर्ने निर्णय गरेसँगै मुस्ताङका विभिन्न स्थानमा नेपाली सेनाले दैनिक गस्ती गर्ने कार्य सुरु गरिसकेको छ। यसैगरी माथिल्लो मुस्ताङमा सशस्त्र प्रहरी बल नेपाल (बिओपी) र चराङस्थित सशस्त्र प्रहरीको निर्वाचन सुरक्षा बेसले गाउँ गाउँमा निर्वाचन सुरक्षा गस्ती गर्न सुरु गरिसकेको छ।

# यस्तो छ तनहुँ १ चुनावको तयारी

पोखरापत्र संवाददाता
दमौली, २३ माघ

नेपाली कांग्रेसका तत्कालीन नेता रामचन्द्र पौडेल २०७९ सालमा तनहुँ क्षेत्र नं १ बाट निर्वाचित भएपछि राष्ट्रपति बन्नुभयो। उक्त निर्वाचनमा पौडेल २५ हजार ३६१ मत सहित विजयी हुनुभयो।

राष्ट्रपतिमा निर्वाचित भएपछि रिक्त रहेको उक्त स्थानमा विसं २०८० वैशाख १० गते उपनिर्वाचन भयो। उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट डा स्वर्णिम वाग्ले ३४ हजार ९१९ मतसहित निर्वाचित हुनुभयो। प्रतिस्पर्धी नेपाली कांग्रेसका गोविन्द भट्टराईले २० हजार १२२ र नेकपा (एमाले)का सर्वेन्द्र खनालले आठ हजार ४८८ मत प्राप्त गर्नुभयो। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टीबाट पुनः वाग्ले नै उम्मेदवार बन्नुभएको छ। नेपाली कांग्रेसबाट पनि भट्टराईले मौका पाउनुभएको छ। यस्तै नेपाल कम्युनियुष्ट पार्टी एमालेले भगवती न्यौपानेलाई उम्मेदवार बनाएको छ। तनहुँ क्षेत्र नं १ मा १६ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ।

नेपाली कम्युनिष्ट पार्टीबाट विद्यानाथ ढकाल, नेकपा (माओवादी) बाट ओमविक्रम पन्त, श्रम संस्कृति पार्टीबाट काशीराम गुरुङ, आम जनता पार्टीबाट चिजामाया अधिकारी, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, मङ्गोल अर्गनाइजेशन पार्टीबाट प्रेमबहादुर थापा, उज्यालो नेपाल पार्टीबाट मञ्जिल राना, नेपाल जनमुक्ति पार्टीबाट यामबहादुर आले, नेपाल मजदुर किसान पार्टीबाट रामलक्ष्मी दुवाल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामदत्त जोशी, स्वतन्त्र उम्मेदवार लेखनाथ खनाल, स्वतन्त्र उम्मेदवार सन्देश रानाभाट लौडारी, नेशनल रिपलब्कि नेपालबाट सुमन थापा मगर प्रतिस्पर्धामा रहनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। तनहुँ क्षेत्र नं १ मा एक लाख २६ हजार ८८२ मतदाता रहेको निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो। त्यसमध्ये पुरुषको सङ्ख्या ६१ हजार ७७८ र महिलाको सङ्ख्या ६५ हजार १०४ रहेको छ। क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका पर्दछ। उपनिर्वाचन जितेको रास्वपाले यस पटकको निर्वाचनमा पनि जित हासिल गर्ने चुनौतीकासाथ घरदैलो गरिरहेको छ। नेपाली कांग्रेस भने आफूले जित्दै आएको यस क्षेत्रमा पुनरावलोकन गर्ने लक्ष्यसहित अगाडि बढेको छ।

तनहुँ क्षेत्र नं १ मा गठबन्धनसहित पहिलो जित हासिल नगरेको नेकपा (एमाले) भने दोस्रो जितको खोजीसहित मतदातालाई भेटघाट गरिरहेको छ। साविकमा तीन वटा निर्वाचन क्षेत्र हुँदा विसं २०४८ मा तनहुँ क्षेत्र नं १ बाट रामचन्द्र पौडेल निर्वाचित हुनुभएको थियो। विसं २०५१ मा नेपाली कांग्रेसबाटै गोविन्दराज जोशीले निर्वाचन जित्नुभएको थियो। विसं २०६४ मा तत्कालीन एनेकपा (माओवादी) बाट सुरेशकुमार आले मगर, विसं २०७० मा नेपाली कांग्रेसबाट शङ्कर भण्डारी निर्वाचित हुनुभएको थियो। यस्तै विसं २०७४ मा बाम गठबन्धनबाट नेकपा (एमाले) का कृष्णकुमार श्रेष्ठ निर्वाचित हुनुभएको थियो भने विसं २०७९ मा नेपाली कांग्रेसबाटै रामचन्द्र पौडेल निर्वाचित हुनुभएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा स्वर्णिम वाग्लेले तनहुँ क्षेत्र नं १ मा आफूले सुरु गरेका अधुरा कामलाई पूरा गराउन पुनः उम्मेदवार बनेको प्रतिक्रिया दिनुभयो। विसं २०८० को उपनिर्वाचनमा विजय हासिल भएपछि धेरै विकासका काम सुरु भएको र त्यसलाई निरन्तरता दिन पुनः यहीँबाटै उम्मेदवार बनेको उल्लेख गर्नुभयो। नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईले लोकतान्त्रिक मूल्य, समावेशी विकास र स्थानीय समस्या समाधानलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाउँदै मतदाताको विश्वास जित्ने प्रयास गरेको उल्लेख गर्नुभयो। नेपाल कम्युनिष्ट पार्टी एमालेका उम्मेदवार भगवती न्यौपानेले तनहुँका बस्ती-बस्तीबारे आफूलाई राम्रो जानकारी रहेको उल्लेख गर्दै उहाँले तनहुँ-१ को समग्र विकास र मुहार फेर्न स्पष्ट र दीर्घकालीन विकास खाका आवश्यक रहेको बताउनुभयो। नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार विद्यानाथ ढकालले आफूलाई यस ठाउँको सबै भूगोल जानकार रहेको बताउँदै चुनाव जित्ने दाबी गर्नुभयो।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ जनसक्रिय टोलको मार्ग नं. ७ भित्री बाटो स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : जनसक्रिय टोलविकास संस्था मार्ग नं ७ भित्री बाटो स्तरोन्नती
उपभोक्ता समितिको नाम : जनसक्रिय टोलविकास संस्था मार्ग नं ७ भित्री बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ५
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०८/२३
योजना सुरु मिति : २०८२/०८/२४
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ८,००,०००/-
उपभोक्ताबाट : रु. १,४१,६७४/५७
योजनाको कुल लागत : रु. ९,४१,६७४/५७

**हुम बहादुर थापा**
**अध्यक्ष**
**जनसक्रिय टोलविकास संस्था मार्ग ७ भित्री बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१४, कास्की**

# सामुदायिक कुकुरको स्याहार संरक्षणमा 'ज्योति' का सात वर्ष

पोखरापत्र संवाददाता
वालिङ, २३ माघ

यहाँकी एक महिलाले विगत सात वर्षदेखि निरन्तर रुपमा सडकमा हिँड्ने सामुदायिक कुकुरको संरक्षण र स्याहार गर्दै आउनुभएको छ। सडकमा हिँड्ने सामुदायिक कुकुरप्रति गरिने व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनका लागि स्याङ्जाको वालिङ-८ केदारनाथ मार्गकी ज्योति अधिकारीले सडकका सामुदायिक कुकुरलाई दैनिक खाना खुवाउने, स्याहार तथा संरक्षण गर्दै आउनुभएको हो।

कोभिड-१९ बाट सिर्जित 'लडकडाउन'का बेला सडकका कुकुरले खान नपाएर रुने कराउने गरेको पीडादायी अवस्था देखेलगत्तै उहाँ दैनिक खाना खुवाउँदै आउनुभएको हो। "यिनीहरुको पनि यस धर्तीमा बाँच्ने अधिकार छ, तर सामुदायिक कुकुरलाई गरिने व्यवहार फरक छ", उहाँले भन्नुभयो, "सडकका कुकुरलाई गरिने दुर्व्यवहार देख्दा मन खिन्न हुन्छ, सकिन्छ संरक्षण गरौं, सकिन्न दुर्व्यवहार नगरिदिनुहोस्।" उहाँले दैनिक साँझमा सडकका कुकुरलाई भात, मासु, दूधभात, आँटो, ढैंडो दिनुहुन्छ। साथै उहाँले कुखुराको टाउको खुट्टालगायत मासु ल्याएर पानीमा उमालेर दिने गर्नुभएको छ। दिनभर यत्रतत्र डुलेर कुकुर साँझ खाना खाने बेलामा ठ्याक्कै घरमै आउने गरेका छन्। "दैनिकजसो आठ/१० वटा सामुदायिक कुकुरलाई खाना खुवाउने गरेकी छु", उहाँले भन्नुभयो, "उनीहरुलाई छुट्टाछुट्टै प्लास्टिकको थालमा खाना खान दिँदै आएकी छु, उनीहरुको पेट भरिएको देख्दा खुसी लाग्छ।"

वालिङमै व्यवसाय गर्दै आउनुभएकी उहाँसहित उहाँको परिवारले पनि कुकुरको संरक्षणमा ध्यान दिँदै आउनुभएको छ। यहाँ भएका सबै कुकुरलाई वालिङ नगरपालिका, भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्रको समन्वयमा रेविजविरुद्धको खोप लगाइएको छ। कुकुरलाई कुनै रोग लागेमा पशु चिकित्सकसँगै समन्वय गरेर उपचार गर्ने गरिएको छ। साँझ खान दिएपछि कुकुरलाई जुटको बोरा, अन्य कपडा तथा डफ्टी विछ्याइदिएपछि आफ्नोआफ्नो ठाउँमा बस्छन्।

"कहीँ बाट केही सहयोग पाइन्छ भनेर होइन, मनैदेखि सामुदायिक कुकुरको संरक्षण गर्दै आइरहेकी छु", उहाँले भन्नुभयो, "घरघरमा कुकुरहरुलाई बस्दोबस्तीसित पाल्न हुन्छ, तर सडकका कुकुरलाई लखेट्ने, पिट्ने, दुर्व्यवहार गर्छौं यसो नगरौं यिनीहरुको पनि हाम्रो जस्तो प्राण छ, यही धर्तीमा बाँच्ने अधिकार छ, त्यो सुरक्षित गरिदिऔं।" यो कुनै अभियान नभएर व्यक्तिगत रुपमा मनैदेखि लागेर गरेको कार्य भएकाले यिनीहरुको संरक्षण र स्याहारमा रमाइलो लाग्ने गरेको उहाँ बताउनुहुन्छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ मा सद्भावना टोल देखि नवज्योति टोल जोड्ने सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्द(ानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : सद्भावना टोल देखि नवज्योति टोल जोड्ने सडक स्तरोन्नती
उपभोक्ता समितिको नाम : सद्भावना टोल देखि नवज्योति टोल जोड्ने सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१४, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ६
योजना सम्झौता मिति : २०८२/०८/१२
योजना सुरु मिति : २०८२/०८/१३
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
महानगरपालिकाबाट : रु. ७,००,०००/-
उपभोक्ताबाट : रु. १,२३,६६३/५९
योजनाको कुल लागत : रु. ८,२३,६६३/५९

**प्रसाद गुरुङ**
**अध्यक्ष**
**सद्भावना टोल देखि नवज्योति टोल जोड्ने सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१४, कास्की**